

# ११ युगको अन्तमा मानिसहरुलाई फसाउने जालहरु

***यस अध्यायका मूल पदहरू:*** मत्ती ७:२१-२७, यूहन्ना ११:४०-४४, १ पत्रुस ३:१८,१ शमूएल २८:३-२५ र एफिसी ६:१०-१८।

***यस अध्यायको मूल सार पद:*** **"यो कुनै अचम्मको कुरा होइन, किनकि सैतानले पनि ज्योतिर्मय स्वर्गदूतहरूको भेष धारण गर्छ। यसकारण यो कुनै अनौठो कुरा होइन, कि त्यसका दासहरूले पनि धार्मिकताका दासहरूका रूपमा आफ्नो भेष बद्‌लन्छन्। तिनीहरूको अन्त्य तिनीहरूका कामअनुसार हुन्छ।"** २ कोरन्थी ११:१४-१५)।

आजभोलीको संसार अलौकिक वा दुष्टआत्माहरूको चर्तिकला र रहस्यमय क्रियाकलाप को थलो भएको छ। हलिउड जस्ता फिलिम बनाउने उद्योगहरूले धार्मिक र रहस्यवादी फिलिमहरू बनाएर मानिसहरूलाई भ्रम र जालमा पार्न अर्थनबर्थका विषयबस्तुहरू समेटिएर फिलिमहरू बनाएर मानिसहरूलाई लठ्ठ पारिरहेका छन्। अदनको बगैंचामा नै सर्पले बोलेको झुटो सन्देश "तिमीहरू कहिल्यै मर्दैनौं" (उत्पत्ति ३:४) भन्ने सन्देशबाट प्रेरणा पाएर अनेकौं लोकप्रिय पुस्तक र सिनेमाहरू केही दशकयता बनाइरहेकाछन् केटाकेटीहरूलाई भुलाउने भिडियो खेल र मोबाइलबाट देखाउने फिल्म वा कार्टुनहरू छ्यापछ्याप्टि छन्। मानिसहरूलाई लठ्ठ पार्न सैतानले अनेकौं आकर्षित थलोहरू प्रयोग गर्छ। उसले विभिन्न रूपहरू धारण गर्छ र विज्ञानकै खोल ओडेर मानिसहरूलाई असत्यतिर आकर्षित गराउँछ।

सबैभन्दा जाली चर्तिकलालाई सैतानले प्रयोग गर्ने भनेको NDE अर्थात् मृत्युको मुखमा परेका अनुभवहरू। कतिपय मानिसहरू मरे रे अनि फेरि हालको जीवनमा फर्केर आए रे। तिनीहरूले अस्थाइ मरेका अवस्थामा कहाँ

कहाँ पुगेको अनुभव बताउँछ। यसले मानिस अमर छ वा मरेपछि उसको प्राण वा आत्मा जिउँदै छ भनेर प्रमाणित गर्न टेवा दिइरहेको छ।

यस अध्यायमा संसारको अन्त्यमा सैतानले ल्याउने विभिन्न जालहरूको बारेमा अध्ययन गर्ने छौं। तिनीहरूमा रहस्यवादी वा अलौकिक चर्तिकलाहरू जुन साधारण मानिसहरूले बुझ्न सक्दैनन् तर पत्यार गर्न पुग्छन्, मानिस कठित मरेर हंश कता कता चहारेको अनुभवहरू, अनेकौं अवतारहरू, तन्त्रमन्त्र, भुतप्रेत, पितृहरूलाई गर्ने उपासना वा पूजा र अरूहरू यस अध्यायमा हेर्नेछौं। तिनीहरू खतरामूलक विषयबस्तुहरू हुन् र तिनीहरूप्रति हामी सजग हुनुपर्दछ। तिनीहरूमा हामी नपरिकनै र तिनीहरूको प्रभावबाट टाढै रहेर ती विषयबस्तुहरूको केही मात्रामा यस अध्यायमा समिक्षा गर्नेछौं।

## १. रहस्यवाद वा तन्त्र-मन्त्रहरू

हाम्रो संसार **रहस्यवाद, तन्त्रमन्त्र जस्ता पार अलौकिक चर्तिकलाहरूको बाढीमा लपेटिएको छ। रहस्यवाद वा तन्त्रमन्त्र भन्ने शब्द नै ठूलो छ। यसमा धेरै धारणाहरू समेटिएका छन्।** धार्मिक वा अध्यात्मिक हिसाबले भन्ने हो भने शब्दले ती व्यक्तिहरूको बारेमा बताउँछ जो कुनै अलौकिक भगवानसँग मिलेर आत्मिक अनुभव वा ध्यानमग्नमा चरम आनन्दमा पसेको, शरीरलाई लठ्ठ पारेर अर्धचेतनामा रहेको जस्तै अनेकौं असाधारण चर्तिकलालाई बताउँछ। देवता आयो वा भुत आयो वा अरू कुनै आत्मा आयो भनेर मानिसहरू काम्दछन्। यसमा झाँक्री,फुफागर्ने र मन्त्रतन्त्र गर्ने मानिसहरू पर्दछन्। मानिसहरू कामेर नै देवताहरूको पूजा वा आराधना गर्दछन्। यसता खालका चर्तिकलाहरू दुर्भाग्यवस केही चर्चहरूमा पनि घुसेका छन्। सानो तिनो जुनसुकै अदभुत चमत्कारीय चर्तिकला  भएतापनि यस खालको क्रियाकलापले परमेश्वरको वचनभन्दा व्यक्तिगत अनुभवलाई प्रार्थमिकता दिएको हुन्छ। यदि मानिसहरू यस चर्तिकलामा लाग्यो भने बाइबलको सही शिक्षादिक्षाहरूलाई ओझेलोमा पार्दछ। इसाईहरू पनि यस्ता किसिमका व्यक्तिगत अनुभवहरूको धरापमा सजिलैसँग पर्न सक्छन्। परमेश्वरको वचनमा भन्दा चमत्कारीय अनुभव, पवित्र आत्मा वा कुनै आत्मा वा मरेकाहरूको आत्मा आएर कामेर उफ्रिने, काम्ने, लछारपछार गर्नेमा विश्वास गर्नेहरूले अन्तको समयमा मानिसहरूलाई धेरै प्रभावित पार्दछन्। युगको अन्तमा जसरी भएपनि मानिसहरूलाई परमेश्वर र

उहाँको बचनबाट टाढा राख्ने विभिन्न रहस्यमय र अदभुत कामहरूको जालमा पार्दछन्।

**येशूको आफ्ना वचन अनुसार आत्मिक घर चट्टान र बालुवामा बनेको अर्थ के हो? हेर्नुहोस्, "२१ "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ। २२ त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं? तपाईंको नाउँमा भूतहरू धपाएनौं। र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र?' २३ अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ।' २४ "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। २५ अनि पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। २६ जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। २७ पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो।" मत्ती ७:२१-२७।**

आजभोलिका कतिपय इसाईहरू बाइबलका शिक्षादिक्षाहरूलाई त्यतिको महत्त्व दिएको पाइन्दैन। बाइबलका शिक्षाहरू पुरानो रुढिवाढी धर्मका आवाजहरू हुन्, अहिले त्यसलाई ध्यान दिनुनै झ्याउलाग्दो छ भनेर तिनीहरू सोच्दछन्। तिनीहरूले येशूको कोमल, पाठो, दयालु, कहिल्यै नरिसाउने, बदला नलिने खालको र पापलाई आँखा चिम्लिने खालको येशूले कहाँ मानिस दुष्टैभएतापनि दण्ड दिनुहुन्छ र त्यस्तो कुरा उहाँले कहिल्यै पनि आउन दिनुहुन्न भनेर सोच्दछन्। तिनीहरूको व्यक्तिगत भावना र अनुभवलाई मापदण्ड बनाएर बाइबलको बारेमा व्याख्या गर्दछन्। बाइबलले स्पष्टरूपमा के सिकाउँछ त्यसलाई पनि तिनीहरूको भावनामा मिल्दैन भनेर त्यो तिनीहरूले अस्वीकार गर्दछन्। येशूले भन्नुभएको मानिसको बहुआयामीक वा आत्मिक, शारीरीक, नैतिक, मानसिक र सामाजिक जीवनलाई स्थापित गरिराख्न परमेश्वरको आज्ञा पालन गर्नुपर्छ र यो नै चट्टानमा बनिएको घर जस्तै हुन्छ भन्ने शिक्षालाई तिनीहरूले हल्का रूपा लिएर धार्मिक शिक्षामा अड्किनुहुन्न भन्ने लोकप्रिय इसाईहरूको दिमागमा छ। यसले गर्दा तिनीहरू आफ्नो आस्था र

बाइबलले देखाएको आचार संहिता वा दश आज्ञालाई पालन गर्नु तिनीहरूले नैतिकरूपमा वाध्य नभएको ठान्दछन्।

येशूको शिक्षादीक्षाप्रति ध्यानदिन जरुरी छैन, उहाँलाईमात्र विश्वास गरे पुग्छ भन्ने इसाईहरू आफूहरूलाई खतरामा पार्दछन् (मानौं येशू कुनै मूर्ति हो, मूर्तिलाई पुजा गरे मोक्ष पाइहाल्छ भन्ने मुर्तिपुजकको धारणा जस्तै-अनुवादक)। येशूलाई क्रूसमा टाँग्नेहरूले पनि येशूप्रति आस्था नै नभएतापनि येशू कुनै चानचुन व्यक्ति थिएन भनेर विश्वासै गरेका थिए। दश आज्ञालाई पालन गर्नुपर्दैन भनेर सिकाउने धेरै प्रोटेस्टेन्ट इसाईहरूले पनि येशूलाई विश्वास गर्दथे र गर्छन् पनि। येशूलाई विश्वासै नगरेपनि वा उहाँको नीतिमा नहिँड्नेहरूले उहाँको नाउँमा दुष्टआत्माहरूलाई धपाएकै थिए (मत्ती ७:२२)। "कसलाई विश्वास गर्नुपर्छ तर केमा विश्वास गर्नुपर्छ अर्थात् येशूका शिक्षादीक्षमालाई विश्वास गरेर त्यसै अनुसार चल्नुपर्छ भन्ने छैन भनेर सिकाउने जाल सैतानको अत्यनतै सफल रणनीति हो। सत्यलाई ग्रहण गर्ने र त्यसलाई प्रेम गर्न र त्यस अनुसार चल्ने मानिसको हृदयलाई परमेश्वरले चोखो पार्नुहुन्छ भन्ने कुरा सैतानलाई थाहा छ। त्यसकारण परमेश्वरको सत्यको बिकल्पमा उसले अनेकौं झुटो, बाइबलसम्मत नभएका, मनगढन्ते वा मनलाई भुलाउने खालको अर्कै सुसमाचार सैतानले निरन्तररूपमा आविश्कार गर्दै मानिसहरूलाई परमेश्वरको बिपरित जान अगुवाए गरिरहेको छ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५२०बाट रूपान्तरित।

**हाम्रा भावना र चाहनाहरूलाई प्राथमिकता दिएर परमेश्वरको वचनको बिपरित जाने हाम्रो मानव प्रवृत्तिसँग हामी कसरी लड्न सक्छौं?**

## २. मरिसकेको भनेर दावी गरेको तर फेरि जिउँदो भएकाहरूको अनुभवहरू

कतिपय मानिसहरू मरिसकेको भनेर ठानेको तर तिनीहरूलाई दफन गर्नुभन्दा पहिले वा जलाउनुभन्दा पहिले बिउँतिएका छन्। रेमोण्ड अ. मुडी जुनिएरले एउटा प्रख्यात र लोकप्रिय पुस्तक "लाइफ आफ्टर लाइफः द इनभेस्टिगेशन अभ अ फिनोमेनन-सरभाइभल अभ बडिली डेथ (आटलाण्डा, जर्जियाः मकिङ्गबर्ड, १९७५) लेखेका थिए। त्यो पुस्तकको अर्थ जीवनपछिको जीवनः भौतिकरूपमा मरेका तर अचम्म तरिकाले बाँचेका मानिसहरूको बारेमा खोजअनसुन्धान हो। उनले पाँच वर्षसम्म सय जना भन्दा बढि मानिसहरूको अनुभवहरू जम्मा गरेका थिए। तिनीहरू मरिसक्यो भनेर डाक्टरहरूले नै

भनिसकेको तर बाँचेका थिए। ती मानिसहरूले फेरि बिउँतिनुभन्दा पहिले अनेकौं अनुभवहरू बताएका थिए। त्यसबेला तिनीहरूले न्यानो र प्रिय ज्योतिहरूको अनुभव गरेको दावी गरेका थिए। यस पुस्तकले गर्दा मानिस मरेपनि उसको आत्मा वा प्राण कसरी बाँच्दो रहेछ भनेर प्रमाण उत्तेजनात्मकरूपमा प्रस्तुत गर्दछ भनेर धैरैले विश्वास गरेको पाइन्छ। पछि पछि गएर यस्ता खालका धेरै कितावहरू लेखिएका छन्, जसले त्यही धारणालाई बढाउँछ।

**बाइबलमा लेखिएका देहायका विवरणहरू पढ्नुहोस्। तिनीहरूमा मरिसकेका तर बिउँतिएका मानिसहरूको बारेमा लेखिएको छ। तिनीहरूमा कतिजनाले मरेपछि सचेत भएको बताउँदछ? यस जवाफ हाम्रो निम्ति किन महत्त्वपूर्ण छ? हेर्नुहोस्ः "२२ परमप्रभुले एलियाको पुकार सुन्नुभयो, र त्यसमा जीवन फर्क्यो र त्यो बाँच्यो। २३ एलियाले बालकलाई उठाएर कोठाबाट तल घरमा लगे। त्यसकी आमालाई तिनले दिएर यसो भने, "हेर त, तिम्रो छोरो जिउँदैछ।" २४ तब त्यस विधवाले एलियालाई भनी, "अब मलाई यो थाहा भयो, कि तपाईं परमेश्वरका जन हुनुहुँदोरहेछ, र तपाईंको मुखबाट निस्केको परमप्रभुको वचन सत्य रहेछ।" १ राजा १७:२२-२४, "३० ठिटाकी आमाले भनिन्, "परमप्रभुको जीवन र तपाईंको जीवनको शपथ खाएर म भन्दछु, म तपाईंलाई छोड्नेछैनँ।" यसैले तिनी उठेर ती स्त्रीको पछि लागे। ३१ गेहजीले चाहिँ तिनीहरूका अगि गएर त्यो लहुरो त्यस ठिटाको मुखमा राखिदियो, तर कुनै प्रतिक्रिया आएन। यसैकारण एलीशालाई भेट गर्न गेहजी फर्किगयो, र तिनलाई भन्यो, "त्यो केटो त जागेन।" ३२ जब एलीशा घरमा पुगे, तब तिनले आफ्नो ओछ्यानमा राखिएको त्यस ठिटालाई मरिसकेको भेट्टाए। ३३ तिनी कोठाभित्र पसे र ती दुई मात्र भित्र गएर तिनले कोठाको ढोका थुने र परमप्रभुलाई प्रार्थना गरे। ३४ त्यसपछि ओछ्यानमाथि चढ़ेर आफ्ना मुख त्यसका मुखमा, आफ्नो आँखा त्यसको आँखामा र आफ्ना हात त्यसका हातमा राखेर तिनी त्यस बालकमाथि लमतन्न पस्रिए। जब तिनी त्यसमाथि लमतन्न परे, तब त्यस बालकको शरीर तातो हुँदैगयो। ३५ एलीशा उठे, र कोठाभित्र यताउता हिँड़े, र फेरि एक पल्ट ओछ्यानमा चढ़ेर तिनी त्यसमाथि लमतन्न परे। तब त्यस ठिटाले सात खेप छिउँ काढ्यो र आँखा खोल्यो। ३६ तब एलीशाले गेहजीलाई बोलाएर भने, "ती शूनम्मी स्त्रीलाई बोला।" त्यसले तिनलाई बोलायो। ती स्त्री आएपछि एलीशाले भने, "तिम्रो छोरालाई लैजाऊ।" ३७ तिनी भित्र आइन् र**

भूइँसम्मै निहुरेर एलीशाका खुट्टामा घोप्टो परिन्। त्यसपछि आफ्नो छोरालाई लगेर तिनी बाहिर निस्किन्।

२ राजा ४:३०-३७, "३५ उहाँ बोल्दैहुनुहुँदा, शासकको घरबाट मानिसहरू आएर भने, "तपाईंकी छोरी त मरी। गुरुज्यूलाई अब अरू कष्ट किन दिनुहुन्छ?" ३६ तर तिनीहरूले गरेका कुराहरूलाई ध्यान नदिई येशूले सभाघरका शासकलाई भन्नुभयो, "नडराऊ, विश्‍वास मात्र गर।"

३७ अनि उहाँले पत्रुस, याकूब र याकूबका भाइ यूहन्नालाई बाहेक अरू कसैलाई पनि आफ्नो साथ आउन अनुमति दिनुभएन। ३८ उहाँहरू सभाघरका शासकको घरमा आउनुभयो, अनि उहाँले खैलाबैला गर्नेहरू, रुनेहरू र ठूलो सोरले बिलौना गर्नेहरूलाई देख्नुभयो। ३९ भित्र पसेर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन खैलाबैला गर्छौ र रुन्छौ? ठिटी मरेकी छैन, तर सुतिरहेकी छे।" ४० तर तिनीहरू उहाँको कुरामाथि हाँसे। तब उहाँले तिनीहरू सबैलाई बाहिर निकाल्नुभयो, र ठिटीका बुबा र आमा र उहाँसँग हुनेहरूलाई साथमा लिएर ठिटी भएको ठाउँभित्र जानुभयो। ४१ अनि ठिटीको हात समातेर उहाँले त्यसलाई भन्नुभयो, "तालिता कूमी," जसको अर्थ हो, "ए बालिका, म तिमीलाई भन्दछु, उठ।" ४२ अनि ठिटी तुरुन्तै उठी, र हिँड्डुल गर्न लागी। त्यो बाह्र वर्षकी थिई। अनि त्यति नै बेला तिनीहरू आश्‍चर्यचकित भए। ४३ उहाँले तिनीहरूलाई यो कसैले थाहा नपाओस् भन्‍ने कड़ा आज्ञा दिनुभयो। अनि बालिकालाई चाहिँ केही खान दिनू भनी तिनीहरूलाई भन्नुभयो "मर्कूस ५:३५-४३, "११ भोलिपल्ट येशू नाइन नाउँको सहरमा जानुभयो, र उहाँका चेलाहरू र एउटा ठूलो भीड उहाँका साथमा गए। १२ जब उहाँ सहरको ढोका नजिक पुग्नुभएको थियो, एउटी विधवाको एउटै छोराको लाश लगिँदैथियो। सहरको निकै ठूलो भीड तिनको साथमा थियो। १३ जब प्रभुले तिनलाई देख्नुभयो, तब तिनलाई टिठ्याएर भन्नुभयो, "नरोऊ।" १४ अनि नजिक गएर उहाँले अरथी छुनुभयो, र बोक्नेहरू टक्क अड़िए। उहाँले भन्नुभयो, "ए युवक, म तिमीलाई भन्दछु, 'उठ।'।" १५ तब मृत मानिस उठेर बस्यो, र बोल्न लाग्यो। येशूले त्यसलाई आमाको जिम्मा लगाउनुभयो। १६ तब सबै भयभीत भए, र परमेश्‍वरको महिमा गरे, र भने, "एक जना महान् अगमवक्ता हाम्रा बीचमा प्रकट भएका छन्," र "परमेश्‍वरले आफ्नो प्रजामाथि कृपा गर्नुभएको छ।" १७ उहाँको विषयको यो चर्चा सारा यहूदिया र छेउछाउका समस्त जिल्लाहरूमा फिँजियो।" लूका ७:११-१७ र "३८ तब येशू फेरि ज्यादै व्याकुल भएर चिहानमा

**जानुभयो। यो चिहान एउटा ओढ़ारमा थियो। त्यसको मुख एउटा ढुङ्गोले ढाकेको थियो। ३९ येशूले भन्नुभयो, "ढुङ्गो हटाओ।" मृत मानिसको दिदी मार्थाले उहाँलाई भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला, किनकि त्यो मरेको चार दिन भइसक्यो।" ४० येशूले तिनलाई भन्नुभयो, "के मैले तिमीलाई भनेको होइनँ, 'तिमीले विश्वास गऱ्यौ भने परमेश्वरको महिमा देख्नेछौ'?" ४१ तिनीहरूले ढुङ्गो हटाए। अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। ४२ मलाई थाहा छ, कि तपाईंले मेरो बिन्ती सधैं सुन्नुहुन्छ। तर यहाँ उभिएका भीड़को खातिर मैले यो भनेको हुँ, ताकि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून्।" ४३ अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ।" ४४ त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो। येशूले तिनीहरूलाई भन्नुभयो, "त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ।" यूहन्ना ११:३८-४४।**

आधुनिक साहित्यमा लेखिएका मानिसहरू मरिसके भनेर उच्चारण गरेको तर मरिनै सकेका थिएनन्। त्यसको बिपरित लाजरस चार दिनदेखि मरेको थियो र उसको लास गन्हाइसकेको थियो (यूहन्ना ११:३९)। न त लाजरस न त बाइबलमा उल्लेखित बौरि उठेका मानिसहरूले अचेत अवस्थामा तिनीहरू न त स्वर्गमा, न त परगेटोरी अर्थात स्वर्ग र नरकको बिचको ठाउँमा न त नर्कमै थिए भनेर भनेर वयान दिएका छन्। ती बौरिउठेकाहरूले आफूहरू मरिरहेको बेलामा कहाँ थिए र कस्तो अनुभव गरेका थिए भन्ने कुरा केही नबताएकोले नै मानिस मरेपछि पूरा अचेत अवस्थामा हुन्छ भनेर बाइबलले सिकाएको शिक्षाहरूसँग पूरा सहमत भएको जनाउँछ।

तर मृत्यको नजिकमा रहेका मानिसहरूको अनुभव के हो त जुन आज साधरणतया बताउँछन्? यदि हामीले बाइबलले सिकाएको अनुसार मानिस मरेपछि अचेत अवस्थामा हुन्छ भनेर विश्वास गऱ्यौं भने (अय्यूब ३:११-१३, भजन ११५:१७, १४६:४, उपदेशक ९:१०) तब हामीले दुईता कुरामा एउटा विश्वास गर्नुपर्ने हुन्छः कि त अत्यधिक अवस्थामा अचेत हुँदा स्वभाविकै रूपमा मानसिक दिवास्वप्न वा सैतानको धोखा दिने अलौकिक अनुभव (२ कोरन्थी ११:१४)। सैतानको धोखा भनेर हामीले मानिलिन सक्छौं किनकि

कतिपयले आफ्ना मरेका नातेदारहरूसँग कुरा गरेका थिए भनेर बताएका थिए। तर दुवै मानसिक र सैतानिक तथ्यहरू हुन सक्छ।

मानिसहरूलाई भ्रममा पार्ने त्यस किसिमको चर्तिकलाले हामीहरू परमेश्वरको वचनमा अडिग भएर बस्नु जरुरी छ। अरूहरूले जेसुके अनुभव गरुन् वा बताउन् यदि ती बाइबलसम्मत छैन भने हामीले विश्वास गर्नु आवश्यकता छैन।

**मरे भनेको तर फेरि बिउँतिएको विवरणमा विज्ञानको पनि भूमिका भएको अचम्म मान्नुनै पर्दछ। विज्ञानले प्रमाणित गर्छ भन्ने भनाइप्रति पनि हामी कसरी सजग रहनुपर्छ भनेर त्यसले हामीलाई कसरी सिकाउँदछ?**

## ३. अवतारहरू

बाइबलसँग मेल नखाने धर्म वा विश्वासले मानिस अमर छ भनेर विश्वास गर्छ। अनि मानिस मरेपछि उसको आत्मा वा प्राण अर्कै शरीरमा सरेर अवतार भएर जन्मिन्छ भन्ने धारणा संसारका प्रायजसो सबै मूख्य धर्महरूले मानेको पाइन्छ। मानिस मरेपछि उसको अमर आत्मा कि त स्वर्गमा कि त नर्कमा जान्छ भनेर प्रायजसो सबै इसाईहरूले विश्वास गर्छन् भने जसले अवतारमा विश्वास गर्छन् तिनीहरूले मानिस मरेपछि उसको आत्मा मृत्य र पुनर्जन्मको धेरै चक्रहरूको प्रक्रियामा जान्छन् भनेर सिकाउँछन्। (बुद्धधर्मको लामा धर्मले त एक जना ठूलो लामा जस्तै दलाइ लामा मऱ्यो भने ऊ तुरन्तै अर्कैको कोखमा जन्मेर अवतारी लामा हुन जान्छ विश्वास गर्छ-अनुवादक)।

अवतार भनेको आत्मिक विकाशको प्रक्रिया हो, महात्मा, भगवान हुन वा सिद्धी प्राप्त गर्न र उच्च आत्मिक ज्ञान र नैतिकताको तहमा पुग्न मानिस मरेपछि उसको आत्मा शुक्ष्म जीव वा प्रकृतिका थोकहरूमा सर्दै अघि बढ्दै जान्छ भनेर कतिपय धर्मका अनुयायीहरूले विश्वास गर्छन्। हिन्दु धर्मको विश्वास अनुसार मानिस मरेपछि उसको आत्मा विभिन्न संसारमा चेतनशिल भएर जन्मिन्छ। त्यो आत्मा छ जीवनको छ श्रेणिमा पुनर्जन्म लिँदै प्रगति गर्छ भनेर विश्वास गर्छ। ती श्रेणीहरूमा जलमा भएका जीवहरू, बिरुवा, सर्प, छेपारो जस्तो घस्रने जीव, किराहरू, चराहरू, जन्तु जनावर हुँदै मानव जीवन हुन्। अनि अन्तमा स्वर्गमा देवीदेवताहरूसँग रहन्छन् वा ब्रम्हमा बिलय हुन्छन् भनेर प्रगतिशील आत्माको बारेमा हिन्दु धर्मको धारणा छ।

तर देहायका पदहरू पढ्नु होस्। सबै मानव प्राणी एक पल्टमात्र मर्छ भनेर बाइबलले ठोकुवा गरेको छ। त्यसमा पनि येशू एक पल्टमात्र मर्नुभएको थियो (हिब्रू ९:२८, १ पत्रुस ३:१८)। तैपनि कतिपय धर्म र इसाई भनाउँदाहरूले नै मानिस मरेपछि कुनै न कुनै किसिमको अवतार लिन्छ भनेर किन विश्वास गर्छन्? हेर्नुहोस्, "२५ येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। २६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। २७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।" हिब्रू ९:२५-२८ र "हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो– धर्मी जन अधर्मीहरूका निम्ति– तर आत्माद्वारा जीवित पारिनुभयो।" १ पत्रुस ३:१८।

कतिपय मानिसहरूले केमा विश्वास गर्नुपर्छमात्र होइन तिनीहरूले के चाहेको छ त्यसमा विश्वास गर्नुपर्छ भनेर सिकाउँदछन्। यदि तिनीहरूले विश्वास गरेको सिद्धान्त वा शिक्षाले तिनीहरूलाई शान्ति, परम आनन्दमा ल्याउँछ भने तिनीहरूको निम्ति त्यति भएपुग्छ। तर बाइबललाई गम्भिररूपमा विश्वास गर्नेहरूले अवतारको धारणालाई विश्वास गर्नु अस्वीकार्य छ।

**प्रथमतः** अवतार वा मरेपछि विभिन्न पुनर्जन्म हुन्छ भन्ने धारणाले बाइबलले सिकाएको आत्मा वा प्राण मरणशील छ र पुनरुत्थानमा अविनाशी भौतिक शरीर हुनेछन् भन्ने शिक्षासँग सरासर बाझिन्छ वा मेल खान्दैन (१ थेस्सोलोनिकी ४:१३-१८)।

**दोस्रो,** यस पुनर्जन्म वा विभिन्न अवतार लिएर मुक्ति पाउने वा स्वर्ग जाने भन्ने धारणाले विश्वासद्वारा अनुग्रहले मुक्ति पाइन्छ र येशूले हाम्रो मुक्तिको निम्ति गर्नुभएको कामलाई अस्वीकार गर्दछ। मानिसको मुक्तिको निम्ति आफ्नै धर्मकर्मको आवश्यकता छ भनेर त्यसले सिकाउँदछ।

**तेस्रो,** पुनर्जन्म वा अवतारीय जन्मलाई विश्वास गर्नेले यसै जन्ममा मानिसले आफूले गरेको आत्मनिर्णयले उसको भविष्य सदाको लागि निर्धारित

हुन्छ भन्ने बाइबलको शिक्षासँग मेल खान्दैन (मत्ती २२:१-१४, मत्ती २५:३१-४६)।

**चौथो,** त्यस सिद्धान्तले येशूको दोस्रो आगमन र त्यसको अनिवार्यता तथा महत्त्वतालाई गिराइदिन्छ (यूहन्ना १४:१-३)।

**पाचौं,** त्यस पुनर्जन्म वा अवतारी सिद्धान्तले मानिस मरेपछि पनि उसको कमीकमजोरीहरूलाई पुनर्जन्ममा सुधार्दै अन्तमा मुक्ति पाइन सक्छ भनेर विश्वास गर्छ जुन बाइबलको अनुसार छैन (हिब्रू ९:२७)।

संक्षेप्तमा भन्ने हो भने, अरू धर्महरूमा प्रचलित पुनर्जन्म र अवतारको शिक्षालाई शुद्ध बाइबलीय आस्थामा ठाउँ छैन।

## ४. मन्त्रतन्त्र, टुनामुना, जादु, धामी झाँक्रि, भूतप्रेत जगाउने र पितृपुजक

तन्त्रमन्त्र वा अङ्ग्रेजीमा "नेक्रोमान्सी necromancy" भनिन्छ। यो ग्रीक भाषाबाट आएको हो। नेक्रोस nekros (मरेकाहरू) र मान्टेयीया manteira (मन्त्र गरेर जगाउने) भन्ने शब्दहरू मिलेर बनिएको छ। पौराणिक समयदेखि मन्त्रतन्त्र गरेर मरेका भनिएका आत्माहरूलाई जगाएर तिनीहरूबाट ज्ञान र भविष्यका घट्नाहरूको बारेमा अवगत गराउने विधि हो। पितृपूजा भनेको मरेका पूर्खाहरूको आराधना, सराद्दे गरेर श्रद्धा देखाउने हो। मरेकाहरू अझै कुनै न कुनै रूपमा जिउँदो छ र तिनीहरू अझै पनि परिवारमा छन् र जिउँदाहरूको दैनिक कामक्रियाकलापमा तिनीहरूले प्रभाव पार्छन् भनेर विश्वास गर्छन्। आत्मा अमर छ भनेर विश्वास गर्नेहरूको निम्ति पितृपूजाहरू अत्यन्तै आकर्षित हुन्छ। आफ्ना प्रियजनहरू गुमाएकाहरूले तिनीहरूलाई याद गरिरहन ती पूजाहरू गरिन्छ।

**१ शमूएल २८:३-२५ पढ्नुहोस्। राजा सावल अत्यन्तै निराश भएर एन्डोरको तन्त्रमन्त्र गर्ने स्त्रीको शरणमा गएका थिए। उनको अनुरोधमा त्यस स्त्रीले कठित शमूएलको पिशाचलाई राजको सामु उभ्याएकी थिइन्। मरेकाहरूसँग कुरा गर्ने भनेर एन्दोरकी टुनामुना गर्ने स्त्रीकहाँ राजा सावल गएका थिए। त्यस घट्नाबाट के पाठहरू हामी सिक्न सक्छौं? हेर्नुहोस्, "३ अब शमूएल मरिसकेका थिए, र सब इस्राएलले तिनको निम्ति शोक प्रकट गरेर तिनलाई तिनकै सहर रामामा गाड़ेका थिए। शाऊलले भूतप्रेत खेलाउने सबैलाई देशबाट निकालिसकेका थिए। ४ पलिश्तीहरूले आफ्नो सेना युद्धको निम्ति भेला गरेर शूनेममा छाउनी हालेका थिए। शाऊलले सारा इस्राएलीहरूलाई जम्मा**

गरेर गिल्बोमा छाउनी हालेका थिए। ५ जब शाऊलले पलिश्तीको फौजलाई देखे, तब उनी साह्रै भयभीत भए। ६ उनले परमप्रभुलाई सोधे, तर परमप्रभुले न त सपनाद्वारा, न "ऊरीम" न अगमवक्ताद्वारा उनलाई जवाफ दिनुभयो। ७ यसैले उनले आफ्ना सेवकहरूलाई भने, "मेरो निम्ति कुनै एउटी मन्त्रतन्त्र गर्ने स्त्रीलाई खोजिदेओ, र म त्यसकहाँ गएर सोधपूछ गर्नेछु।" एन्दोरमा त्यस्ती स्त्री छे भनी उनका सेवकहरूले उनलाई बताइदिए। ८ तब शाऊलले भिन्दै लुगा लाएर आफ्ना दुई जना मानिसहरूसँग गुप्त भेषमा राती त्यसकहाँ गए, र त्यसलाई भने, "प्रेत आत्मासित सोधेर मेरो भाग्य बताइदेऊ, र म जुन मानिसको नाउँ बताउँछु त्यसलाई बोलाइदेऊ।"

९ तर त्यस स्त्रीले जवाफ दिई, "शाऊलले के गर्नुभएको छ त्यो निश्चय तपाईंलाई थाहै होला। उहाँले भूतप्रेत खेलाउनेहरूलाई देशबाट हटाइदिनुभएको छ। जुन कुराले मेरो मृत्यु ल्याउनेछ त्यो गर्नलाई तपाईं मलाई किन कर लाउनुहुन्छ?" १० शाऊलले शपथ खाएर त्यसलाई भने, "जीवित परमप्रभुको नाउँमा म भन्दछु कि यसले गर्दा तिमीमाथि कुनै किसिमको आपद् आइपर्नेछैन।" ११ तब त्यस स्त्रीले सोधी, "कसलाई बोलाऊँ त?" शाऊलले जवाफ दिए, "शमूएललाई।" १२ जब शमूएल निस्केका त्यस स्त्रीले देखी तब त्यसले चिच्च्याएर शाऊललाई भनी, "तपाईंले मलाई किन धोका दिनुभयो? तपाईं शाऊल नै हुनुहुँदोरहेछ।" १३ राजाले त्यसलाई भने, "नडराऊ। तिमी के देख्दैछ्यौ?" त्यस स्त्रीले जवाफ दिई, "जमिनबाट निस्केर आइरहेको एउटा प्रेत म देख्दैछु।" १४ उनले सोधे, "त्यो कस्तो छ?" त्यसले भनी, "खास्टो ओढ़ेको एउटा वृद्ध मानिस माथि निस्कँदैछ।"

तब तिनी शमूएल नै हुन् भनी शाऊललाई थाहा भयो। अनि उनले घोप्टो परेर साष्टाङ्ग दण्डवत् गरे। १५ शमूएलले शाऊललाई भने, "मेरो शान्तिलाई तिमीले किन भङ्ग गरेर मलाई माथि ल्यायौ?" शाऊलले जवाफ दिए, "म ठूलो सङ्कष्टमा परेको छु। पलिश्तीहरूले मलाई पेलिरहेका छन्, र परमेश्वरले मलाई त्याग्नुभएको छ। उहाँले न त अगमवक्ताद्वारा न दर्शनद्वारा मलाई जवाफ दिनुहुन्छ। के गर्नुपर्ने सो मलाई बताइदिनुहोस् भनी मैले तपाईंलाई बोलाएको हुँ।" १६ शमूएलले भने, "परमप्रभुले तिमीलाई त्याग्नुभएको छ र उहाँ तिम्रो विरोधी हुनुभएको छ भने, तिमी किन मलाई सोधपूछ गर्छौ? १७ मद्वारा पहिले नै भन्नुभएको कुरा परमप्रभुले गर्नुभएको छ। उहाँले तिम्रो हातबाट राज्य खोसेर अर्को तिम्रो एउटा छिमेकी दाऊदलाई दिनुभएको छ। १८ तिमीले

परमप्रभुको आज्ञापालन गरेनौ, र अमालेकीहरूका विरुद्धमा उहाँका क्रोधको इन्साफलाई तिमीले पूरा गरेनौ। यसैले उहाँले आज तिमीमाथि यो काम गर्नुभएको हो। १९ त्यही कारण तिमी र तिम्रो प्रजा इस्राएललाई परमप्रभुले पलिश्तीहरूका हातमा पर्न दिनुहुनेछ। भोलि तिमी र तिम्रा छोराहरू मसँग हुनेछौ। हो, साँच्ची नै परमप्रभुले इस्राएली सेनालाई पलिश्तीहरूका हातमा सुम्पिदिनुहुनेछ।"

२० शाऊल विचलित भए, र शमूएलका वचनले गर्दा उनी डरले भूइँमा लम्पसार परेर लोटे। दिनभरि र रातभरि पनि उनले केही नखाएकाले उनी शक्तिहीन भए। २१ तब त्यो स्त्री शाऊलकहाँ गई, र उनलाई साह्रै विचलित भएका देखेर त्यसले उनलाई भनी, "तपाईंले भन्नुभएको कुरा मैले मानें, र मैले मेरो प्राण तपाईंको निम्ति खतरामा हालें। २२ अब मेरो कुरा सुन्नुहोस्। तपाईंका यात्राको निम्ति तपाईं बल पाउनलाई म केही खानेकुरा टक्र्याउनेछु।" २३ तर शाऊलले खान इन्कार गरे। जब उनका सेवकहरूले पनि त्यस स्त्रीले भनेको कुरामा जोड़ गरे तब उनी सहमत भए, र भूइँबाट उठेर पलङ्गमा बसे। २४ त्यस स्त्रीको घरमा पालेको बाछा थियो। त्यसले त्यो झट्टै काटेर बनाई। त्यसले केही पीठो लिएर मुछी, र खमिर नहाली रोटी पकाई। २५ ती त्यसले शाऊल र उनका सेवकहरूका अगि टक्र्याई। उनीहरूले त्यो खानेकुरो खाए, र त्यही रात उनीहरू बिदा भए।" १ शमूएल २८:३-२५।

बाइबलमा स्पष्टरूपमा लेखिएकोछ कि मरेका भनेका आत्माहरू, वा भूतप्रेत भनाउँदाहरूसँग कुरा गर्ने, मृत आत्माहरूको माध्यम हुने, बोक्सी, जादुगरहरू, तुनामना र तन्त्रमन्त्र गर्नेहरू परमेश्वरको निम्ति आपत्तिजनक छन् र तिनीहरूलाई ढुङ्गाले हानेर मार्नुपर्छ (लेबी १९:३१, लेबी २०:६,२७, व्यवस्था १८:९-१४)। व्यवस्थाले बताएको अनुसार राजा सावलले सबै तुनामुन मन्त्रतन्त्र गर्नेहरूलाई इस्राएलबाट नाश गरेका थिए (१ शमूएल २८:३,९)।

तर, परमेश्वरले सावललाई त्याग्नुभएको कारणले उनी कनानी सहर एन्दोरमा तन्त्रमन्त्र गर्ने मरेको शमूएललाई जगाउने भनेर गए (१ शमूएल २८:६,७,१५सँग यहोशू १७:११,भजन ८३:१० तुलना गर्नुहोस्)। सावलको अनुरोधमा मरेका शमूएलको कठित पिशाचलाई त्यस तन्त्रमन्त्र गर्ने बोलाइन् र उनीसँग कुरा गर्न लगाइन्। धोखा दिने छलि आत्मा वा पिशाच जो शमूएल भनेर देखा परेको थियो। उसले सावललाई भन्यो कि भोलिपल्टै सावल र

उसका छोराहरू उससँग हुनेछ (१ शमूएल २८:१९)। त्यस छली दुष्ट आत्मा वा सैतानको दूत शमूएलको भेषमा आएर बाइबलले नै अनुमोदन नगरेको मानिस स्वभाविकैरूपमा अमर छ भन्ने सन्देश दियो। यो अत्यन्तै शक्तिशाली जाल थियो। आफूले नै दोषी ठहऱ्याएका तन्त्रमन्त्र गर्नेहरूसँग उनी जानुहुन्दैनथ्यो।

त्यो घट्ना भएको दुई सय वर्षभन्दा पछि अगमवक्ता यशैयाले यो लेखेका थिए, "१९ जब मानिसहरूले तिमीहरूलाई भूतप्रेत खेलाउने र तन्त्रमन्त्र गर्ने धामीझाँक्रीसँग सल्लाह लेओ भनी भन्लान्, तब के मानिसहरूले आफ्ना परमेश्वरकहाँ गएर सोध्नुपर्दैन र? जीवितहरूका विषयमा मरेकाहरूलाई किन सोध्ने? २० व्यवस्था र गवाहीकहाँ जाओ! यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने तिनीहरूसित बिहानको मिरमिरे उज्यालो वा आत्मज्ञान पनि छैन।" यशैया ८:१९-२० र "३ मिश्रीहरू हताश हुनेछन्, तिनीहरूका योजना म बेकार बनाउनेछु। तिनीहरूले देवताहरू, प्रेतहरू, मन्त्रतन्त्र गर्नेहरू र झाँक्रीहरूकहाँ गएर सोध्नेछन्। ४ अनि म मिश्रीहरूलाई एउटा निष्ठुर मालिकको हातमा सुम्पिदिनेछु, र एउटा निर्दयी राजाले तिनीहरूमाथि राज्य गर्नेछ," परमप्रभु, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।" यशैया १९:३-४।

**कतिपय समयमा हामीलाई तनाव, हताश निराश भएको बेलामा हामीले गर्नु नहुने कामहरू गर्दछौं। परमेश्वरमाथि अगाढ आस्था र निष्ठा, प्रार्थना र परमेश्वरको वचन पालन गर्नालेमात्र गलत कामहरूबाट हामी जोगिन सक्छौं।**

## ५. मरेका मानिसहरू भनेर देखापर्ने र अरू रूपहरू देखिने

तन्त्रमन्त्र जस्तै सैतान र अरू दुष्टआत्माहरू मरेका मानिसहरूको अभिनय गरेर देखाउन सक्छ। ती अभिनयमा मरेका परिवारको सदस्य, मित्र वा अरू जोपनि देखा पर्न सक्छ। तिनीहरू भौतिकरूपमा पनि देखापर्छन् र मरेकाहरूको बोलिजस्तै स्वर वा आवाज तिनीहरूले निकाल्न सक्छन्। परमेश्वरको वचनमा परिपक्व नहुनेहरू सैतानका त्यस प्रकारका विभिन्न जालहरूमा सजिलैसँग पर्न सक्छन्। दिदीमाँ एलेन जी ह्वाइटले यो चेतावनी दिएकी छिन्: "ती झुटा दुष्ट आत्माहरू येशूका चेलाहरू भएर नै देखा पर्छन् र तिनीहरू यस संसारमा भएको बेलामा पवित्र आत्माको निर्देशनमा लेखेका वचनहरूलाई तिनीहरूले खण्डन गर्दछन्।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ५५७ बाट रूपान्तरित। अझ उनले थप्दछिन्, "जालको महान् नाटकको शिर्षस्थ काममा

सैतान आफै पनि ख्रीष्टको रूप धारण गरेर धेरै मानिसहरूलाई धोखा दिनेछ।" -द ग्रेट कन्त्रोभर्सी, ६२४बाट रूपान्तरित।

**सैतानले अनेकौं रूपहरू धारण गरेर मानिसहरूलाई आकर्षित गर्न सक्छ र परमेश्वर र उहाँको वचनबाट टाढा राख्न खोज्छ। त्यसबाट हामी जोगिने उपाय के हो? हेर्नुहोस्। "१३ किनकि त्यस्ता मानिसहरू झूटा प्रेरितहरू र छली काम गर्नेहरू हुन्, र ख्रीष्टका प्रेरितहरूको भेष लगाएर हिँड्नेहरू मात्र हुन्। १४ र यो कुनै अचम्मको कुरा होइन, किनकि शैतानले पनि ज्योतिर्मय स्वर्गदूतहरूको भेष धारण गर्छ। १५ यसकारण यो कुनै अनौठो कुरा होइन, कि त्यसका दासहरूले पनि धार्मिकताका दासहरूका रूपमा आफ्नो भेष बद्लन्छन्। तिनीहरूको अन्त्य तिनीहरूका कामअनुसार हुन्छ।" २ कोरन्थी ११:१३-१५ र "१० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सिक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। १८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।" एफिसी ६:१०-१८।**

प्रेरित पावलले हामीलाई यो सचेत गराएको छ कि "हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो।" (एफिसी ६:१२)। यदि हामी एफिसी ६:१३-१८मा बताएको अनुसार परमेश्वरका सबै अस्त्रहरू भिर्यौं भने सैतानका जालहरूबाट हामी जोगिन सक्छौं।

सैतानले विभिन्न रूपहरू धारण गरेर र मानिसलाई मोहित पार्न अनेकौं भेषमा आउन वा अवतारी भएर सक्छ भन्ने कुरा डरलाग्दो र जाली छ। तर यदि परमेश्वरका जनहरू उहाँबाट सुरक्षित भएर बस्छन् र उहाँको वचनमा अडिग हुन्छन् तब तिनीहरूलाई सैतानले फसाउन सक्दैन। जो मानिसहरू बाइबलको शिक्षालाई विश्वास गर्छन्, तिनीहरूलाई यो थाहा छ कि मानिस अमर छैन तर हुन्छ भनेर येशू दोस्रोपल्ट आउनुभएपछिमात्र हुन्छ। अनि सैतानका विभिन्न चर्तिकला जस्तै मरेकाहरूसँग कुरा गर्ने, मरेकाहरू भूत, पिशाच भएर देखा पर्ने, अवतार भएर जन्मलिने सबै उसका क्रियाकलापहरू हुन्। परमेश्वरको शक्तिशाली अनुग्रहले ती सबैलाई ठाडै अस्वीकार गर्दछ। फेरि ती चर्तिकलाहरू जस्तोसुकै प्रभावकारी भएतापनि, विश्वास दिलाउनेभएतापनि, साँच्चिक्कै हो भनेर देखाएतापनि मरेकाहरू सुतिरहेका छन् भन्ने बाइबलको शिक्षालाई हामी बलियो गरि पकडि राख्नुपर्दछ।

तपाईंको प्रियजन तपाईंले गुमाउनुभयो र त्यही प्रियजन तपाईंको अगाडि देखा पर्‍यो रे, कल्पना गर्नुहोस्। तपाईंप्रति माया व्यक्त गर्छ रे? तपाईं नभएकोले शुन्य भएको छ रे? तिनीहरूले थाहा पाएको कुरामात्र तपाईंसँग गर्छ रे? अब तिनीहरू आनन्दको ठाउँमा छन् रे? यदि कोही बाइबलको शिक्षामा राम्रोसँग जरो गाडिएको छैन भने त्यस खालको जालमा त्यो व्यक्त सजिलैसँग पर्न सक्छ। त्यसमा पनि तिनीहरूले के विश्वास गर्नुपर्छ भन्ने कुरामा अडिग नभएर केमा विश्वास गर्छ चाहन्छ त्यस चलखेलमा त्यो व्यक्ति रह्यो भने सैतानको पासोमा सजिलैसँग पर्न सक्छ।

**परमेश्वरको सबै शस्त्रअस्त्रहरू धारण गर्नुभनेको के हो? युगको अन्तमा देखापर्ने जालहरूसँग भिँड्नमात्र होइन दिनदिनैको जीवनमा हाम्रो जीवनको प्रत्येक पक्षमा ती कसरी धारण भिर्ने?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइट, *इभान्जलिजम*को पृ. ६०२-६०९को "डिलिङ्ग विथ फाल्स साइन्स, हल्टस्, इजम्स्, एण्ड सिक्रेट सोसाइटी" र *इन कन्फ्रनटेशन*को पृ. ८६-९३को "स्पिरिटिजम।"**

एउटा संगठन छ। त्यसले यस्तो प्रविधी बिकाश गरिरहेको छ भनेर दावी गर्दछ जसले जुमबाट, मोबाइलबाट सन्देश पठाएर र **फोन** गरेर मरेकाहरूसँग सम्पर्क राख्न सक्छ रे। भौतिकरूपमा मानिस मरेपछि त्यो

केवल अर्कै रूप सदाको निम्ति धारण गर्छ र उसको चेतना, पहिचान र पहिला भएको मूख्य आनिबानिहरू उसको रहिरन्छ। यो दावी त्यो संगठनले वेभसाइटमा राखेको छ। तिनीहरूले यस्तो ती पक्षिय प्रविधी बिकाश गरिरहेको छ कि जीवित र मरेकाहरूसँग सम्पर्क राख्न आत्मफोन वा मोबाइल गर्न सकिन्छ।

पहिलो आविश्कारमा मोबाइलबाट मरेका परिवार, मित्रहरू र सबै विज्ञहरूसँग सन्देश टाइप गरेर पठाउन सकिने हुन्छ। अर्को आविश्कारमा मरेपछि रहेको अर्कै स्थानमा रहेका प्रिय जनहरूसँग कुरा गर्न सकिनेहुन्छ। तेस्रो आविश्कारमा तिनीहरूलाई सुन्न र देख्न सकिन्छ। तिनीहरूले त्यहाँ के गरिरहेका छन् ती सबै देख्न सक्नेहुन्छ रे।

अझ भयानक डरलाग्दो कुरा त सम्पर्क गरिएका मरेकाहरू साँच्चै आफ्ना प्रियजन हो कि होइन सो पहिचान पनि गर्न सकिन्छ रे। मरेका बाबु वा आमाले आफ्ना छोराछोरीहरू तिनीहरूकै हो भनेर पहिचान गर्न आफ्नो स्थानबाट यस्तो प्रश्न तिनीहरूसँग सोध्नेछन् रे, "के तिमी सानो हुँदा खैरे भन्ने कुकुर थियो कि? के तिम्रो जन्मदिनमा हामीले तिमीलाई पकेटचक्कु दियौं कि? यस सन्दर्भमा दुईसयवर्षभन्दा अघि एलेन जी ह्वाइटले चेतावनीस्वरूप यस्तो लेखेकि थिइन्: "मरेकाहरू कहिलेकाहीँ प्रियजन वा मित्रको भेषमा आउन सक्छन् र तिनीहरूको जीवनमा घटेका घट्नाहरू सुनाउन सक्छन् र जुन काम तिनीहरू जीवित हुँदा गरेका थिए त्यही काम गरेर पनि देखाउन सक्छन्।" *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ६८४बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. परम्परा र संस्कारले स्वीकारेको भनेर धेरै इसाईहरूले नै सञ्चारमाध्यमहरूले नै दिएको भनेर बहाना बनाएर बाइबलले अनुमोदन नगरेका धेरै विषयहरूप्रति आकर्षित भएका छन्। जब हामीलाई थाहा छ कि सञ्चार माध्यमहरूले दिइरहेका सन्देशहरू गलत र छली छन् भनेर विश्वास नगर्नबाट जोगिन बाइबलका कुन नीनीहरू छन् जुन हामीले आत्मसात् गर्न जरुरी छ? हेर्नुहोस्, "१ म तपाईंको प्रेम र न्यायको गीत गाउनेछु, हे परमप्रभु, म तपाईंको प्रशंसा गाउनेछु। २ म निर्दोष जीवन बिताउनलाई होशियार रहनेछु। तपाईं मकहाँ कहिले आउनुहुने? म आफ्नो घरभित्र शुद्ध आचरणको जीवन बिताउनेछु। ३**

मेरो आँखाको सामुन्ने कुनै नीच कुरा म राख्नेछैनँ। पथभ्रष्ट भएकाहरूका कामलाई म घृणा गर्छु, तिनीहरू मसित टाँसिनेछैनन्। ४ कुटिल मति भएका मानिसहरूबाट म टाढ़ा रहनेछु। कुनै खराबी कामसित म केही सम्बन्ध राख्नेछैनँ। ५ जसले आफ्नो छिमेकीको निन्दा गुप्तमा गर्दछ, त्यसलाई म नाश गर्नेछु, अभिमानी दृष्टि भएको र घमण्डी हृदय भएकालाई म सहनेछैनँ। ६ मेरो कृपादृष्टि देशका विश्वासयोग्य जनहरूमाथि रहनेछ, ताकि तिनीहरू मसित वास गरून्। त्यो जो निर्दोष मार्गमा हिँड्दछ, त्यसले मेरो सेवा गर्नेछ। ७ छलकपट गर्ने मानिस मेरो घरमा बस्न पाउनेछैन, झूट बोल्ने मानिस मेरो नजरको सामुन्ने रहन पाउनेछैन। ८ देशका सबै दुष्ट जनहरूलाई हरेक बिहान म नष्ट पार्नेछु, परमप्रभुको सहरबाट दुष्ट काम गर्नेहरू सबैलाई म नष्ट पार्नेछु।" भजन १०१, "२० हे मेरो छोरो, मेरो कुरामा ध्यान देऊ, मेरा वचनहरू राम्ररी सुन्। २१ ती तिम्रो नजरबाट उम्केर जान नदेऊ, ती तिम्रो हृदयभित्र राखिछोड्। २२ किनभने मेरो वचन पाउनेको निम्ति त्यो जीवन हो, र त्यसको सारा शरीरको निम्ति स्वास्थ्य हो। २३ सबै कुराभन्दा बड़ी, आफ्नो हृदयलाई सुरक्षित राख्, किनभने त्यो सारा जीवनको मूल हो।" हितोपदेश ४:२०-२३ र "भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यी नै कुराका विचार गर।" फिलिप्पी ४:८।

आ. युगको अन्तमा सैतानले ल्याउने अनेकौं छल र जालहरूबाटअरूहरूलाई जोगाउन कसरी सहयोग गर्ने फेरि त्यसबैखत हामी पनि त्यही जालोको प्रभावमा कसरी नपर्ने?

इ. शमूएललाई मरेकोहरूबाट बोलाएर राजा सावलसँग कुरा गरेको कथालाई बहाना बनाएर धेरै इसाईहरूलेपनि मरेकाहरू जीवित नै छन् भनेर बाइबलबाट नै प्रमाणित गर्न खोज्छन्। तर बाइबलको शिक्षामा केवल एउटामात्र घट्ना वा पद लिएर विश्वासको आधार बनाउनु हुन्न भनेर त्यसले हामीलाई कसरी सिकाउँछ? बाइबलको जुनसुकै विषय पनि एक पदलाई मात्र नहेरि त्यही विषयलाई अरू पदहरूमा के उल्लेख गरिएको छ सो हेर्न किन जरुरी छ?

## कथा ११

## जब परमेश्वरले बोलाउनुहुन्छ तब उहाँले नै काममा योग्य बनाउनुहुन्छ फ्रान्क भानुआटु



साउथ पासिफिक देशको भानुआटुमा फ्रान्कका बाबुआमाले उनलाई पुलपुल्याइ हुर्काउँदा ठूलो भएपछि उनी बदमाश हुन पुगेका थिए। उनी बाबुको दोस्रो श्रीमतीको छोरो थिए र बाबुआमाले उनलाई धेरै मन पराएका थिए। बाइबलको कथामा याकूबको छोरा योसेफलाई जस्तो उनलाई पक्षपात गरेर हुर्काइएकोथियो। योसेफको कथा जस्तो उनका पहिलाका आमाका छोराहरूले उनलाई डाहा गर्न थालेका थिए। त्यसले गर्दा घरमा धेरै समस्याहरू उब्जिन थालेको थियो।

घरमा उनी खुशी थिएन, तर स्थानीय आओर एडभेन्टिस्ट एकेडेमीमा पढ्न पाउँदा उनी खुशी भएका थिए। त्यहाँ उनले धेरै साथीहरू बनाए र साबथमा चर्चमा सरिक हुन मन पराएका थिए।

जब उनी हाइस्कूलमा थिए उनी बिरामी भए र उनलाई अस्पतालमा भर्ना गराइयो। उनी मर्छ भन्ने डरले उनका बाबुआमाले उनलाई अस्पतालपछि घरमै राखे। फ्रान्कको शिक्षाको अन्त्य त्यहीँ भएको थियो। उनले कहिल्यैपनि हाइस्कूल पूरा गरेन।

फ्रान्क गाउँका अरू केटाहरूसँग घुलमिल गर्न थाले। उनलाई कुनै काम गर्ने खुबी थिएन। उनको बुबाको मृत्युभएपछि उनका अगाडिका आमाका छोराहरूले पैतृक सम्पत्ति पाए। फ्रान्कले केही पनि पाएन। उनी हराएको गाउँले केटो बन्न पुगेका थिए। उनको जीवनको कुनै अर्थ र लक्ष्य नभएको उनले महसुस गरेका थिए।

आओर एडभेन्टिस्ट स्कूलमा सिकर्मी कक्षामा जान उनी मन पराउँथे। त्यहाँ उनले काठका सामानहरू बनाउन सिकेका थिए। स्कूलमा आफूले सिकर्मी खुबी सिकेकोले उनले काठका सामानहरू बनाएर र गाउँमा साना साना घरहरू बनाएर आफ्नो जीविका निर्वाह गर्न थालेका थिए।

धेरै वर्षपछि उनले विवाह गरे र छोराछोरीहरू पनि भए। तर उनले आफ्नो पेसा छोडे। आफ्नो परिवार धान्न उनले आफ्नी आमा र सासुससुराहरूसँग भर पर्न थाले।

श्रीमतीले उनलाई काम पाउन दिन दिने झगडा गर्न थालिन्। छोराछोरीहरूको निम्ति भएपनि काम गर्नु पर्छ भनेर उनकी श्रीमतीले कर गर्न थालिन्। तर उनले के काम गर्ने सो थाहा थिएन र घरमा हुने झगडा पनि असह्य भएकोथियो।

एक रात उनी अत्यन्तै निराश भएर घुँडा टेके र उनलाई सहायता गर्न परमेश्वरसँग बिन्ति गरे। "मलाई आफ्नै खुट्टामा उभिन सघाइ दिनुहोस्," भनेर प्रार्थना गरे।

त्यसको केही दिनपछि उनको झड्केलो दाजुले नरिवल र कोकोवा फार्म वा खेतमा मेचहरू बनाउन काम दिए। फ्रान्कले परमेश्वरलाई धन्यवाद दिए, उनले त्यस खेतमा भएका घरहरू मर्मत गर्न आफ्नो सीप प्रयोग गर्न थाले।

पछि खाद्य बस्तुहरूलाई पाक गर्ने साहुले उनलाई बोलाएर खाना राख्ने बक्साहरू बनाउन र मर्मत गर्न जागिर दिए। जब त्यो कम्पनी टाट पल्ट्यो तब त्यस कम्पनीमा रेखदेख गर्ने व्यक्तिले आफ्नै काम सुरु गरे। फ्रान्कलाई मेच, टेबुल र व्यापारिक भवनहरू बनाउने रोजगार दिए।

यसमा फ्रान्क अत्यन्तै सफल भए। पैसाकमाएर सम्पन्न पनि भए, साथै परमेश्वरलाई पनि बिर्सन थाले। आफ्नो कामको निम्ति घोर प्रार्थना गरेको पनि उनले बिर्से।

अनि एक रात, उनले एउटा अचम्मको सपना देखे। त्यस सपनामा उनको हजुर आमाले ईश्वरीय सन्देश दिएको सुने। उनी प्रख्यात ब्यापारी हुनेछ भनेर पनि हजुरआमाले सुनाइन्। तर त्यो हुन उनले परमेश्वरप्रति बफादार हुनुपर्छ भनेर पनि उनले सुनाइन्।

त्यस सपनाले फ्रान्कलाई चकित बनाए। आफ्नो हृदय परमेश्वरलाई दिन उनले निर्णय गरे। हरेक साबथ उनी चर्चमा जान थाले।

केही वर्षभित्रै त्यो सपना सत्य साबित हुन भयो। उनी निर्माण कम्पनी र मर्मत संभार गर्ने कम्पनीका मालिक भए। उनको मातहतमा कामदारहरूको समूह थियो। उनी आफ्नो घरबाट टाढा थिए।

परमेश्वरप्रति निष्ठावान भएको देखाउन चाहेकोले उनी आफ्नो गाउँको घरमा फर्के। उनका झड्केला दाजुहरूसँग मिलाप गरे र बाँकि परिवारसँग उनले मेलमिलाप गरे। उनका दाजुहरूले गाउँमा सानो एडभेन्टिस्ट चर्च निर्माण गरेको उनले थाहा पाए। तिनीहरूले स्थानीय सामानहरू प्रयोग गरेका थिए। मारानाथा र एएसआइ अर्थात गैर मिसन एडभेन्टिस्ट संगठनले ठूलो चर्चको निम्ति निर्माण सामग्रीहरू उपलब्ध गराएका थिए। तर त्यसको निर्माण सम्पन्न भएको थिएन। यसलाई सहयोग गर्न फ्रान्कले हात हाले। उनले ठूलो चर्चको निम्ति आफैले नक्सा बनाए र चर्च निर्माण गरे।

परमेश्वरको निम्ति घर निर्माण गर्न पाएकोमा फ्रान्क खुशी भएका थिए। अरू चर्चहरू पनि निर्माण गर्न उनले चाहेका थिए। भानुआटाको ८३ टापुमा भएका निर्माण सम्पन्न नभएका अरू एडेभन्टिस्ट चर्चहरूको निर्माण गर्ने र मर्मत गर्ने सेवा कार्य सुरु गरे। आज उनले चर्चका धेरे आयोजनाहरूमा आफ्नो व्यापारको आम्दानीले सहयोग गर्छन्। उनी सान्ट टापुमा भएको बोरा बोरा गाउँले चर्चको मूख्य एल्डर भएका छन्।

आफ्नो जीवनको अर्थ र लक्ष्य आफूले पाएको भनेर फ्रान्कले गौरवसाथ सुनाउँछन्।

"गाउँको वेवारिसी र अयोग्य केटाबाट योग्य सिकर्मी बनाएर सफल व्यवसायी बनाएर मलाई उचाल्नुभएकोमा म परमेश्वरप्रति आभारित छु।" उनले बताए।

-माक्स जेनेब